**सम्मानित गाउँसभाका सदस्य महोदय,**

**१.** देशमा विषम आर्थिक संकटका विच आ. व. २०८० ।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता ,न्याय, राष्ट्रियताका पक्षमा भएका आन्दोलन र जनयुद्ध मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता,घाइते, जेलबन्दि तथा राजनीतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रतिहृदयको गहिराईबाट नमन गर्दछु, तिनका आश्रित परिवारजनमा सम्मान व्यक्त गर्न चाहन्छु।

**३.** नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय सरकारले नेपाल सरकार र प्रदेश सरकार संग समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम कार्यगर्दै आएको छ,

**४.** आर्थिक समृद्धि, शुसासन र विकासको मार्गमा अजयमेरु गाउँपालिका निरन्तर अघि बढी रहेको छ, यस गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि, पशु, जलश्रोतर पर्या पर्यटन व्यवसाय लगायतका क्षेत्रका विकास, विस्तार र सुदृढीकरण गरी "समृद्ध अजयमेरु" निर्माण गर्न हामी सबै दृढ संकल्पित छौ |

**सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक बर्ष २०७९/८० मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु,

- कक्षा (१-८) स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भइ स्थानीय पाठ्यपुस्तक छपाइ गरि निःशुल्क रुपमा वितरण गरी सबै विद्यार्थीको हातमा पुर्याइएको छ,
- आइसिटि ल्याब ३ ओटा, साइन्स ल्याब १ ओटा र पुस्तकालय १ गरि जम्मा ५ ओटा बिद्यालयमा व्यवस्थापन कार्य सम्पन्न भएको छ
- शिक्षकहरुको पेसागत विकासका लागी तह अनुसारका विभिन्न किसिमका तालिमहरु सम्पन्न भएका छन्,
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड वितरण गरिएको छ,
- १-६ मा अध्ययनरत विद्यार्थीहरुका लागि दिवाखाजा कार्यक्रम संचालन गरिएको छ।
- १-८ मा अध्ययनरत छात्रा, दलित छात्र र अपाङ्गहरुका लागि छात्रवृति लगायतकाकार्यक्रमहरु सम्पन्न भएका छन्,
- कक्षा ६ देखी ८ सम्म को पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न गरिएको छ ।
- प्र.अ. बैठक तथाशिक्षा समिति बैठक सञ्चालन
- शैक्षिक बुलेटिन तयार गरिएको छ |
- खेलकुदको विकासका लागि खेलकुदशिक्षक अतिरिक्त भत्ताको व्यवस्था गरिएको छ।
- स्वयंसेवक शिक्षकको निरन्तरतादिइएको छ ।

- पाठ्यक्रम सम्बन्धी प्रवोधीकरण तालिम सञ्चालन गरिएको छ ।
- स्थानीय पाठ्यपुस्तक हाम्रो अजयमेरु (कक्षा ६ देखि ८) लेखन तथा छपाइ गरी विद्यालयमा विद्यार्थीहरुलाई निःशुल्क वितरण गरिएको छ ।
- MBBS अध्ययन छात्रवृत्ति प्रदान गरिएको छ ।
- आधारभूत तहउत्तीर्ण परीक्षा र विद्यालय स्तरीय परीक्षा एकरुपताका साथ सञ्चालन गरिएको छ ।
- अतिरिक्त क्रियाकलाप तथा खेलकुदकार्यक्रम सञ्चालन गरिएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट २ वटा विद्यालयमा ४ कोठेभवन , २ वटा विद्यालयमा २ कोठेभवन, ३ वटा विद्यालयमा आइ सिटि ल्याव निर्माण तथाव्यवस्थापन गरिउको छ ।
- गरिव तथा जेहेनदार विद्यार्थीलाईछात्रवृत्ति वितरण कार्य सम्पन्न गरिएको छ ।
- शैक्षिक क्यालेन्डर निर्माण गरी निःशुल्क वितरण गरिएको छ ।
- जीवन रक्षाकेन्द्रसँगको साझेदारीमा २ वटा विद्यालयमा दिवा खाजालाई व्यवस्थित गरिएको छ ।
- वालविकास सहजकर्ताका लागि तालिम सञ्चालन गरिएको छ ।
- विव्यस अध्यक्ष र शिअसं अध्यक्षहरुसँगको अन्तर्किया कार्यक्रम सञ्चालन गरिएको छ ।
- स्थानीय पापु सम्बन्धी सुझाव संकलनका लागि सरोकारबाहरुसँगको १ दिने छलफलकार्यक्रम सम्पन्न गरिएको छ ।
- IEMIS सम्बन्धी १दिने अभीमूखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- २ दिनेप्राथमिक शिक्षक तालिम सञ्चालन गरिएको छ ।
- शिक्षक तथा विद्यार्थीहरुका लागि डायरी निर्माण र वितरण कार्य सम्पन्न ।
- विद्यालय नर्ष कार्यक्रम सञ्चालन
- शैक्षिक गुणस्तर सुधारका लागि २ वटा विद्यालयमा प्रविधि जडान कार्य सम्पन्न ।
- सेनिटरी प्याड व्यवस्थापनका लागि २ वटा विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न।
- प्रअ लाई मोबाइल सेट र सिम वितरणकार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिकाबाट थप प्रअ भत्ताको व्यवस्थापन गरिको छ ।
- विद्यार्थीहरुलाई होमवर्क डायरी वितरण गरिएको छ ।
- प्रदेशबाट विभिन्न विद्यालयमा घेरबार तथा भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
- नतिजामा आधारित प्रोत्साहन कार्यक्रमका लागि डडेल्धुरा जिल्लामै एक मात्र विद्यालय हाम्रो गाउँपालिकाको देवल माध्यमिक विद्यालय छनोट भएको छ।
- किशोरीहरुको लागि आत्मरक्षा सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।
- गाउँपालिका भित्रका माध्यमिक विधालयका खेल शिक्षकहरुलाई ३ दिन को प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम,

- आधारभूत बिधायालय स्तरीय उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अजयमेरु गाउपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, जिल्ला स्तरीय १३औ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी दोस्रो स्थान प्राप्त गर्न सफल भएका छौ ।
- शिक्षक कर्मचारी मैत्रीपूर्ण भलिबल प्रतियोगिता संचालन गरिएको,
- गण्डकी प्रदेशको पोखरामा भएको नबौं वृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा यस गाउँपालिकाका एथलेटिक्स खेलका २ जनाले सहभागिता जनाएका थिए भने प्रदेश स्तरीय प्रतियोगितामा यस गाउँपालिकाबाट ३२ जनाले सहभागिता जनाएका छन्,
- भर्खर सम्पन्न १३ औं राष्ट्रपति रनिङ शिल्ड राष्ट्रिय प्रतियोगितामा एथलेटिक्स खेलका १ जनाले सहभागिता जनाएका थिए भने प्रदेश स्तरीय प्रतियोगितामा ४६ जना खेलाडीले सहभागिता जनाएका थिए,
- अजयमेरु गाउँपालिकाबाट बिभिन्न संघ संस्थाहरुले आयोजना गरेका खेलकुद प्रतियोगिताहरु (क्रिकेट, भलिबल, एथलेटिक्स, म्याराथन, हाफ-म्याराथन र कराते) मा खेलाडीहरु सहभागिता गराउनका साथै खेलाडीहरुले नगद, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका थिए,
- मार्सलआर्टको कार्यक्रममा खेलाडीहरुलाई सहभागि गराउने कार्य सम्पन्न गरिएको छ ।
- खेलकुद शिक्षकलाई प्रोत्साहन भत्ता निरन्तर रुपमा सञ्चालन गरिएको छ ।
- अजयमेरु गाउँपालिकाको वडा नं ३ मगराउँमा बर्थिंग सेन्टर स्थापना गरिएको छ।
- अजयमेरु गाउँपालिको केन्द्र भद्रपुरमा आधारभूत अस्पतालमा MBBS डाक्टर सहित भिडियो एक्सरे र ECG सेवा संचालनमा आएको छ, आँखा उपचार केन्द्र स्थापना र पञ्चकर्म सेवा तथा पूर्वकर्म सेवा सञ्चालनमा ल्याईएको छ ।
- आधारभूत अस्पताल भद्रपुरको भवन निर्माण कार्य निरन्तर चलिरहेको छ ।
- वडा नं. ४ र ५ लाई पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा गरिएको छ ।
- सबै वडामा OTC सेवा संचालनमा आएको छ ।
- अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता भन्ने नाराका साथ ७० वर्ष उमेर पुगेका गाउँपालिकाका सबै बस्तीका नागरिकलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु घर घरमा पुगी सेवा प्रवाह गरिएको छ ।
- ६ वटै वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको ।
- पालिकामै कोल्डचेन सवसेन्टर स्थापना गरी बालबालिकालाई खोप सेवा सञ्चालन गरिएको छ ।
- गाउँपालकिामा निःशुल्क आखाँ अपरेशन शिविरबाट मोतिबिन्दु तथा आँखामा मासु पलाएको ५१ जनाले सेवा प्राप्त गरे र निःशुल्क एकीकृत स्वास्थ्य शिविरबाट २०३१ जनाले स्वास्थ्य सेवा पाए तथा निःशुल्क ३५० वटा चस्मा वितरण गरिएको छ ।
- विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर अजयमेरु गाउँपालिकाका सम्पूर्ण वडाहरु तथा भुल्कुडा र खतेडा सामुदायिक स्वास्थ्य ईकाइ हरुमा संचालन कार्य सम्पन्न गरिएको छ ।
- देवल स्वास्थ्य चौकीबाट एम्बुलेन्स सेवा संचालनमा आएको छ ।

- चिपुर र समैजी स्वास्थ्य चौकीको नवनिर्मित भवनको सम उदघाटन भई हस्तान्तरण सेवा प्रवाह गरिएको छ ।
- रोल्ली सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण कार्य प्रारम्भ भएको छ ।
- खतेडा, भुल्कुडा  सामुदायिक स्वास्थ्य इकाई र चिपुर स्वास्थ्य चौकीका बर्थिङ्मा प्लासेन्टा पिट निर्माण सम्पन्नगरियो ।
- आपूर्ती व्यवस्थापन महाशाखा र प्रदेश आपूर्ती केन्द्रबाट Oxygen Concentrator, phototherapy machine,suction machine, Delivery bed, Radiant warmer, Peri Light, Medfery kit, Ultrasound Machineलगायतका उपकरणहरु ल्याइयो ।
- वडा नं ६ र आँखा अस्पताल डडेल्धुराको सहयोग र समन्वयमा निःशुल्क आँखा सिविर सञ्चालन गरी निःशुल्क शल्यक्रिया समेत गरिएको छ ।
- स्वास्थ्य कार्यालय डडेल्धुरा र वडा नम्बर ६ को आयोजनामा महिलाहरुका लागि प्रजनन स्वास्थ्य सिविर सञ्चालन गरी निःशुल्क पाठेघरको मुखको क्यान्सर सेवा शल्यक्रिया समेत गरिएको छ ।
- पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा कार्य सम्पन्न भएको छ ।
- वडा नम्बर ३ अन्तर्गतका महिला स्वयंसेविकाहरुलाई मोबाइल फोन वितरण कार्य सम्पन्न भएको छ ।
- वडा नम्बर ६ मा मिन्सुरेसन कप वितरण कार्य सम्पन्न गरिएको छ ।
- वडा नम्बर ६ को आयोजना र प्रादेशिक स्वास्थ्य प्रवर्धन केन्द्र कञ्चनपुरको सहयोगमा देवल मावि र चेतना मावि राजुलमा सूर्तीजन्य पदार्थ , मदिरा न्यूनीकरण र लैङ्गिक हिंसा सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।
- जातीय विभेद अन्त्य सम्बन्धी १ दिने अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- सरदकालीन आलुको बिउ ५०% अनुदानमा ३०८.३६ क्विन्टल आलुको बिउ वितरण गरी व्यवसायिक आलु खेती प्रवर्धन गरियो,
- ५० ओटा प्लास्टिक टनेलभित्र तरकारी खेती गरि तरकारीमा आत्मनिर्भर बन्ने कार्य सम्पन्न भएको छ ,
- ६वटा साना सिंचाई कार्यक्रम मार्फत तरकारी पकेट क्षेत्रको निर्माण गरियो ।
- प्रत्येक वडामा मागमा आधारित कार्यक्रम अन्तर्गत मौरी, पोखरी, पोलिहाउस निर्माण, विउ वितरण कार्यक्रम संचालन गरिएको,
- प्रत्येक वडामा १/१ गरि ६ ओटा हिउदे/बर्षे फलफूल बगैचा स्थापनाकार्य सम्पन्न गरिएको छ ।
- वडा न. ३ र ४ मा गहुँ बिउ उत्पादन, वडा न. २ र ६ मा मौरी गोलासहित घार वितरण, वडा न. २, ४, ५ र ६ मा मकै बिउ उत्पादन तथा स्प्रेयर ट्यांकी तथा विषादी वितरण,
- फौंजी किरा नियन्त्रण तथा रोकथामको लागि आवश्यक कदम चालिएको छ ।
- कृषि एम्बुलेन्स सेवा संचालनमा आएको छ ।
- उन्नत तथा बर्णशंकर तरकारी बिउ वितरण कार्य सपन्न गरिएको छ ।
- कृषक पेन्सन कार्यक्रम अन्तर्गत माग बमोजिम हिउदे/बर्षे फलफूल विरुवा वितरण,

- कुखुरापालक १०जना कृषकलाई जैविक सुरक्षा सम्बन्धी सामागृहिरु वितरण गरिएको छ ।
- १५००० बाख्रालाईP.P.R खोप लगाइएको छ ।
- वडा नं २ मा एकपटक पशुसेवा धुम्तीशिवीर सञ्चालन गरी १७१६पशुपछींको उपचार गरिएको छ ।
- वडा न ३ मा बाख्रा पकेट कार्यक्रम अन्तर्गत २० ओटा घर धुरीमा कृषकहरुको लागत साझेदारीमा ८० ओटा बाख्रा वितरण गरिएको छ
- प्रत्येक वडाहरुमा ६ ओटा मासु पसल सुधार कार्यक्रम संचालनमा ल्याइएकोछ ।
- अति बिपन्न दलित महिला आय आर्जनका लागि कृषकहरुको लागत साझेदारीमा वडा न. १ समैजीमा २५ ओटा कुखुरा खोर तथा १२५० गोटा १० हप्ते कुखुरा चल्ला वितरण गरियो ,
- अपांग लक्षित कार्यक्रम अन्तर्गत १७ जाना अपाङ्गता भएका व्यक्तिहरुलाई १७ गोटा बाख्रा वितरण गरिएको छ ।
- प्राविधिकहरुको क्षमता अभिबृद्धिका लागि पशु सेवा तालिम केन्द्र धनगढी तथा ग्रामिण उद्यम विकास आयोजना कार्यालय डडेल्धुरामा पशुपालन सम्बन्धी तालिममा सहभागी गराइएको छ ।
- कृषकहरुलाई व्यवसायिक पशुपालन सम्बन्धी तालिम प्रदान गर्न पशुसेवा तालिम केन्द्र धनगढी कैलालीमा कुखुरा पालन, माछा पालन तथा अन्य पशुपालन सम्बन्धी तालिम प्रदान गराइएको,
- १२७१२ पशु पन्छीको प्राथमिक उपचार तथा परिजीवी नियन्त्रण विरुद्धको उपचार कार्य गरिएको छ । ९१४ ओटा गाई, गोरु तथा बाच्छा बाच्छीहरुलाई लम्पीस्किन रोगको उपचार गरिएको.
- समूह, समिति तथा कृषकहरुलाई हिउँदे जै घाँसको विरुवा वितरण गरिएको छ ।
- व्यवसायिक कुखुरा फर्म तथा पशु बस्तुहरुमा लागेको रोगको पहिचान गर्न कुखुरा तथा पशु पन्छीको नमुना संकलन गरि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत नमूना परीक्षणका लागि पशुरोग अन्वेषण प्रयोगशाला धनगढीमा नमूना पठाईएको छ ।
- वडा नम्बर ६मा नाङ्गो डाँडामा तारबार सहितको वृक्षारोपण कार्य सम्पन्न गरिएको छ ।
- लम्कीस्किनको औषधी खरिद गरी वितरण कार्य सम्पन्न
- वडा नम्बर ६ मा ३० दिने वेमौसमी ताजा तरकारी उत्पादन सिप विकास तालिम दिने कार्य सम्पन्न भएको छ ।
- सबै वडाहरुमा स्प्रेयर टयाङ्कि वितरण कार्य सम्पन्न
- कृषि स्नातक कर्मचारी भर्ना कार्य
- कृषि तथ्याङ्क संकलन कार्यको निरन्तरता
- प्रदेशबाट ह्याचरी दाना उत्पादन गर्ने मसिनको वितरण कार्य सम्पन्न भएको छ ।
- धान दिवस मनाउने कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. २ को लेकाली बस्तीमा सडक संजालले जोड्ने कार्य सम्पन्न भएको छ साथैओडीगाउँ, ग्वानी, घोडकट्टेसडककोट्रयाक खोल्ने कार्य सम्पन्न भएकोछ । काकड़ीघाट सडक निर्माण कार्य निर्माणाधीन अवस्थामा रहेको छ.

- पुँजीगत मर्मत सुधार सांस्कृतिक पर्यटन (मठ मन्दिरतथा सार्वजनिक स्थलआदि३७वटा निर्माण तथा मर्मत गरिएका छन ।
- ७.३७ कि.मि नयाँ सडक ट्र्याक खोल्ने कार्य, ५.४४ कि.मी मर्मत सुधार, १.५ कि.मी खोली ०.७ कि.मी स्तरोन्नती र ०.३२ कि.मी ग्राभेल गरिनुका साथै ४२१ मी. घोरेटो बाटोको स्तर सुधार गरिएको छ ।
- ४५३ मिटर सिचाई कुलो निर्माण, १८७५ मिटर पाइप द्वारा सिचाई र ८ ओटा सिचाई पोखरी निर्माण गरिएका छन् ।
- ३ वटा सार्वजनिक भवनहरुको जीर्णोद्धार गरिनुका साथै १७ सामुदायिक विद्यालय भवन निर्माण सम्पन्न भएका छन ।
- अजयमेरु गाउँपालिका वडा नं ३, ५ र ६ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्नभइ आफ्नै नयाँ भवनबाट सेवा सुचारु भएको छ
- बालकल्याण नमूना मा.वि.को १२ कोठे विध्यालयभवन निर्माण र ८ कोठे छात्रा छात्रावास निर्माण, आधारभूत निर्माण को कार्य सम्पन्न भएको छ ।
- वार्ड.न.१ को खतेडा गणेशधूरा, पूईलेक, मूद्राड सडक निर्माण योजनाको मर्मत सूधार भई खतेडा, बजकोट वस्तिलाई वडा कार्यालयको सडक संजाल संग जोडिएको छ ।
- सामूदायिक स्वास्थ्य ईकाई केन्द्र रोल्लीमा वर्थिगं सेन्टरको भवन निर्माणमा आधारभूत निमाणको कार्य सम्पन्न भएको छ ।
- रा.शै.सु.कार्यक्रम अन्तर्गत २ वटा विध्यालयमा २ कोठे र २ वटा विध्यालयमा ४ कोठे भवन निर्माण कार्य भएको छ ।
- देवल मा.वि.मा ४ कोठे अत्याधुनिक भवन,विध्यालय घेरबार,फर्निचर र गेट निर्माण सहित अन्य आधूनिक सामाग्रीहरू सहित पठनपाठनका लागि सामाग्री खरिद भई नमूना विध्यालय निर्माणको आधारभूत पूर्वाधार निर्माण गरिएका छन ।
- सोर्नाया डागेश्वरी कानाकोट बहूउपयोगी खानेपानी तथा सिचाई लिफ्ट योजनाको २५०० मि. पाईपलाईनका लागि पाईप खरिदको कार्य अन्तिम चरणमा पुगेको छ ।
- वडा नम्बर ४ को मल्लोधारी देखि ग्वान्नि भुल्कुडा सडक निर्माण भई भुल्ककुडा लगायत आसपासका वस्तिहरूलाई वडा कार्यालय संगको सडक संजाल संग जोड्ने कार्य सम्पन्न भएको छ ।
- गत आ.व.को विशेष अनूदानमा सम्पन्न हून नसकेको मणिलेक मा.वि.को विध्यालय भवन निर्माण लगायत घेरबारको निर्माण कार्यका लागि ठेक्काको उचित व्यवस्थापन गरी हाल सम्म ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।
- देवल पार्कलाई अत्याधुनिक आकर्षक पार्ककोरूपमा विकास गर्नका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिएका छन ।
- वकायलमा क्रिकेट खेलमैदान निर्माण कार्यको सुरूवात भएको छ ।
- समैजी स्वास्थ्य चौकी र चिपुर स्वास्थ्य चौकीको सेवा पक्कि भवनहरूबाट सूचारू गरिएको छ ।
- अजयमेरू कोटमा पर्यटकहरूको आवतजावतमा सहजताका लागि आकर्षक पैदल मार्गको निर्माण कार्य गरिएको छ । राजुलमा पिसपार्क निर्माण कार्य सम्पन्न गरिएको छ ।
- अजयमेरु गाउँपालिका वडा न. ३ मा ५९२ वर्ग मिटरमा वृक्षारोपण कार्य सम्पन्न गरिएको छ ।

- १ ओटा स्टिल ट्रस पुलको निर्माण कार्य प्रारम्भ भएको छ ।
- ६५२० मिटर पाइप लाइन, ७ ओटा खानेपानी ट्यांकी, १२ ओटा इन्टेक, १९ ओटा धारा र १२ ओटा मुहान संरक्षण कार्य सम्पन्न भएको छ ।
- वडा नम्बर ६ मा तारबार सहितको वृक्षारोपण कार्य ६ हेक्टरमा सुरुवात गर्ने कार्यको थालनी गरिएको छ ।
- ८ ओटा सडक सौर्य वत्ती जडान कार्य सम्पन्न गरिएको छ ।
- वडा नम्बर ६ को घुडालेक र भण्डारीगाउँमा २ वटा ट्राG;फdf/र स/हत ३ फेज sf] विद्युत लाईन विस्तार गरिएको छ ।
- पिलायल , वग्जेवला/hnf ^f]ndf विद्युत लाइन जडान गरिएको छ ।
- खानेपानी उपभोक्ता समितिलाई प्रमाणपत्र वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- टोटल स्टेशन, कङ्क्रिट ह्यामर र भर्नेयर स्केल जस्ता अत्याधुनिक उपकरणहरु खरिद गरी उपयोगमा ल्याइएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका २४ वटा योजना सम्पन्न, योजनाहरु सबैजसो ,सडक मर्मत, धार्मिक क्षेत्रको बेडी पर्खाल निर्माण ,विभिन्न विद्यालयको वेडी पर्खाल निर्माण तथा सिचाई कुलो निर्माण सम्बन्धी कार्यहरु सम्पन्न भएका छन् ।
- ३५४९जना दर्ता बेरोजगारमध्ये नेपाल सरकार को बजेटबाट प्राथमिकतामा परेका २३५ जनालाई १०० दिनको रोजगारी र आ.डी. ए. स्रोत मार्फत विनियोजित बजेट बाट ३६ जना गरी कुल २७१ जना बेरोजगार रोजगारी प्रदान, प्रतिव्यक्ति प्रतिदिन रु. ५७७ ज्याला भुक्तानी गरिएको छ ।
- आगामी आ. व. को लागि ३२५५ जना बेरोजगार इ. एम. आइ. एस. मा दर्ता गर्ने कार्य सम्पन्न गरिएको छ ।
- श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सेवा सुचारु गरिएको छ ।

- स्थानीय रोजगार रणनीति तयार पारिएको छ ।
- अजयमेरु गाउँपालिकामा ८५ जनालाई उद्यमशीलता बिकास तालिम प्रदान४ वटा लघु उद्यमी समुह निमार्ण,४ वटा वडामा सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न,स्तरोउन्तीमा ३ दिने पुर्नताजगी तालिम , ताजा तरकारी सीप बिकास २० जना उद्यमीलाई प्रदान,३ दिने ब्राखा पालन सम्बन्धी सीप तालिम २० जनालाईप्रदान,१२० जनालाई उपयुक्त प्रबिधि हस्तान्तरण गर्ने कार्य सम्पन्न गरिएका छन ।
- सामाजिक विकास कार्यालयको सहयोगमा उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको छ ।
- अगुवा कृषकहरुलाई अनुदान सहित घरेलुबाट सिलाइकटाइ तालिम सञ्चालन गरिएका छन ।
- सामाजिक विकास मन्त्रालय कैलालीको सहयोगमा १० दिने उद्यमशीलता तथा वित्तीय साक्षरता विकास तालिम सम्पन्न गरिएको छ ।
- वडा नम्बर ६ मा ७ दिने प्रविधी हस्तान्तरण सहित आरन सुधार तालिम सञ्चालन कार्य सम्पन्न भएको छ ।

- कोभीड १९ र अन्य महामारीको कारण अस्तव्यस्त र सबै भन्दा बढी प्रभावीत शिक्षा क्षेत्रलाई माथि उकास्न अभिभावक शिक्षामा विशेष जोड दिइनेछ ।
- शैक्षिक शत्रको सुरुमै विद्यालय प्र.अ. र शिक्षक संग करार सम्झौता गरि सिकाई उपलब्धी को प्रतिशत लक्ष्य तोकीनेछ र उक्त लक्ष्य प्राप्ती गर्ने विषयगत शिक्षकलाई पुरुस्कारको व्यवस्था गरीनेछ र लक्ष्य पुरानगर्ने शिक्षकलाई अनिवार्य सरुवाको व्यवस्थ गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा जडान गरीएका ई-हाजीरी लाई प्रभावकारी ढङगवाट संचालनमा ल्याई उपस्थीतिको आधारमा पुरस्कार र दण्ड दिने निति अवलम्बन गरीनेछ ।
- सबै विद्यालयमा इन्टरनेटको सुवीधा उपलब्ध गराइनेछ ।
- गाँउपालिका भित्ररहेका माध्यमिक तथा आधारभुत विद्यालयमा चमेना गृहको स्थापना गराई स्व अनुसासीत हुन अभिप्रेरीत गराउने नीती अवलम्वन गरिनेछ ।
- दिवा खाजा कार्याक्रमलाई प्रभावकारी वनाउन सम्भव भए सम्म पालीका भित्र मात्र उत्पादन भएका खाद्य सामग्री प्रयोग गर्ने नीती अवलम्वन गरीनेछ ।
- हरेक वार खाना चार अनुसार दिवा खाजा कार्यक्रम लाई निरन्तर अनुगमन र मुल्याङन गरीने नीती अवलम्वन गरीनेछ ।
- विद्यालय भित्र रहेका वालवीकास केन्द्रमा वालवालीकाको थकाई अन्त्य गर्न खेल सामग्री सहीत आराम कक्षको स्थापना गर्ने नीती अवलम्वन गरीनेछ ।
- पालीका भित्रका सबै विद्यालयमा कक्षा कोठाको मर्मत गरी शृङगार युक्त कक्षा कोठा निर्माणको नीती लागुगरीनेछ ।
- **<u>हामी बनाउँछौ हाम्रो विद्यालय</u>** कार्यक्रम अगाडी वढाउन आवश्यक कानुनको निर्माण गरी प्रभावकारि ढङ्गवाट उक्त कार्यक्रम लागुगर्ने नीती अवलम्वन गरीनेछ ।
- सामुदायीक सिकाई केन्द्रहरुलाई समुदाय र विद्यालयका कार्यक्रम संग जोडीने नीती लागुगरीनेछ ।
- अनौपचारिक शिक्षाका कार्यक्रमहरु लागुगरी आय आर्जन कार्यक्रम अगाडी वढाईने नीती अवलम्वन गरीनेछ ।
- पालीका भित्र एक विद्यालय सुवीधा सम्पन्न छात्रवास सहीतको नमुना विद्यालय निर्माणको प्रक्रीया लाई निरन्तरता दिइनेछ ।
- माध्यमीक विद्यालयमा खेलकुदका गतीविधी अगाडी वढाउन खेलकुद प्रशिक्षक अनिवार्य गर्ने नितीलाई निरन्तरता दिइनेछ ।
- सबै विद्यालयमा तरकारी खेती, फलफुल र फुल वगैचा अनिवार्य निर्माण गर्न हरित विद्यालय नीती अवलम्वन गरीनेछ ।
- गुणस्तरीय शिक्षा निर्माणका लागी शिक्षक सम्मेलनको आयोजना गरी गुणस्तर मुल्याङकन लिडरको व्यवस्था मिलाइनेछ ।
- एस ई ई परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक दलीत, एक अती विपन्न र $A^+$ ल्याउने विद्यार्थी लाई उच्च शिक्षा अध्ययनका लागी आर्थीक प्याकेज को व्यवस्था गरीनेछ ।
- आन्तरीकरुपमा विद्यालयको प्रतिस्पर्धा वढाउनको लागी गाउँपालिका स्तरिय आन्तरीक अवलोकन र मुल्याङ्कन भ्रमणको व्यवस्था गरीनेछ ।
- वीद्यार्थीका लागी प्रतिभा पहिचान कार्यक्रम संचालन गरीनेछ ।
- सबै माध्यमिक विद्यालयलाई अर्न्तर मावि स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।
- पलिका स्तरका सबै विद्यालयहरुमा छिटो भन्दा छिटो सञ्चार गर्नका लागि ६ वटै वडामा सम्पर्क प्रअको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सबै विद्‌यालयका प्रधानाध्यापकहरुका लागि प्रोत्साहन स्वरुप थप प्रअ भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा रहेका विद्यालयहरुका सबै गतिविधी सञ्चालनमा एकरुपता कायम गरिनेछ ।
- विद्यालयहरुमा स्काउट र वाल क्लव मार्फत शैक्षिक क्रियाकलापहरु सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यमा प्रोत्साहनका साथै गाउँपालिका स्तरमा स्काउट र वाल क्लव गठन कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको IEMIS प्रर्णालीलाई पूर्ण व्यवस्थीत गरी तथ्यांक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।
- रोष्टर शिक्षक मार्फत विद्यालयको अनुगमन गर्ने नीति अवलम्बन गरिनेछ ।
- आधारभूत तह कक्षा (१-८) मा हाम्रो अजयमेरु नामक पाठ्यपुस्तक सबै विद्यालयहरुमा सबै विद्यार्थीहरुको हातहातमा समयमै निःशूल्क वितरण गरिनेछ ।
- वालविकास शिक्षालाई तहगत प्रर्णालीमा सञ्चालन गर्न आवश्यक पहलकदमी गर्ने र त्यसका लागि सरोकारवालालाई उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुको अवलोकन भ्रमण कार्यक्रममा आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रअ हरुको कार्यलाई थप प्रभावकारी बनाउन विज्ञ व्यक्तिहरुसँग अन्तक्रिया तथा छलफल सञ्चालनमा निरन्तरता दिइनेछ ।
- प्रत्येक विद्यालयमा विद्यार्थी प्रोफायल अविवार्य बनाउने नीति अबलम्बन गरिनेछ ।
- सबै विद्यालयमा अभिभावक लगबुक राख्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके वमोजिम न्युन्तम पारिश्रमिक उपलब्ध गराउने व्यवस्थाका लागि पहलकदमी गरिनेछ ।
- लैंगिक हिँसा, लागु पदार्थको दुर्वेशनी तथा सामाजिक संजालको दुरुपयोगका विरुद्ध विद्यालयमा जनचेतना सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- जीवन रक्षा केन्द्र सहित अन्य संघ संस्थाहरु संघ समन्वय गरि विद्यालयको दिवा खाजा व्यवस्थापन गर्ने कार्य विस्तार गरिने छ ।
- शिक्षक विद्यार्थी गृहकार्य डायरीको अनिवार्य प्रयोगलाइ निरन्तरता दिइने छ ।
- वडा न. ६ अन्तर्गत दलित जेहेन्दार विद्यार्थीलाइ वडा अध्यक्ष प्राविधिक छात्रवृत्ति कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- विद्यालयको बाह्यवातावरणमा हरियाली र सरसफाई कार्यलाई व्यवस्थित गर्दै ३ तारे विद्यालय घोषणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- विद्यार्थी नेतृत्वको विकास हुने गरि प्रतेक हप्ता कक्षा मोनिटरको परिवर्तन गर्दै व्यवस्थापन गर्ने नीति ल्याईनेछ ।
- विद्यालयमा अनिवार्य गुनासो पेटिका राख्ने व्यवस्था मिलाइने छ ।
- पूर्व विद्यार्थी समाजको स्थापना गर्न आवस्यक पहल गरिने छ ।
- बालबिबाहलाइ निरुत्साहित गर्न स्तनक तह उतिर्ण गरि विवाह गर्ने छात्रालाइ पुरस्कृत गरिनेछ ।
- विद्यार्थीहरुलाई सामाजिक उत्तरदायित्व बोध गराउन सामाजिक कार्यमा सहभागी गराई माटो र पसिनालाई सम्मान गर्ने जनशक्ति उत्पादनमा जोड दिइनेछ ।
- श्रोत व्यक्तिको व्यवस्थापनको लागि आवस्यक पहल गरिनेछ ।

